# लेखापरीक्षण प्रतिवेदन

## चौंरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# चौंरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/642

श्रीमान् अध्यक्षज्यू,
चौंरीदेउराली गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/642

श्रीमान् अध्यक्षज्यू,

चौंरीदेउराली गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक।

विषयः लेखापरीक्षण प्रतिवेदन।

## १. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ४३ करोड ७५ लाख ६ हजारको लेखापरीक्षण गरिएको छ । गाउँपालिकाको लेखापरीक्षणबाट रु. ७४ लाख ६६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ४९ लाख ७ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ९ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २५ हजार र नियमित गर्नुपर्ने रु. १५ लाख ५१ हजार गरी जम्मा रु. २५ लाख ५८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १८ करोड ७१ लाख ६९ हजार मध्ये रु. ९२ हजार सम्परीक्षण भई यस वर्षको थप रु. २५ लाख ५८ हजार समेत हालसम्म अद्यावधिक बेरुजू रु. १८ करोड ९६ लाख ३५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## ३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८२ | ३०५ | ७४,६६,०३४ | ० | २८९ | ४९,०७,८०१ | ० | ८२ | १६ | २५,५८,२३३ | ९,८१,६७८ | १५,५१,५५५ | २५,००० | ० | ० | १५,७६,५५५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | १८,७१,६९,४३१ | ० | ९२,८१५ | १८,७०,७६,६१६ | ० | २५,५८,२३३ | १८,९६,३४,८४९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ९८.१ | सामाजिक सुरक्षा तर्फ | १६,४८,३३५ |
| २ | २०८१/८२ | ७८ | विपद व्यवस्थापन | ८८,१९७ |
| ३ | २०८१/८२ | ५९ | विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान | ४,८१,००० |
| ४ | २०८१/८२ | ७१ | विद्यालयको लेखापरीक्षण अनुदान | ५०,००० |
| ५ | २०८१/८२ | ४३ | बैठक भत्ता | ३१,२०० |
| ६ | २०८१/८२ | ६९ | प्राविधिक विद्यालयमा ल्याव सामग्री अनुदान | २,००,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ६१ | प्राविधिक धारको विद्यालय | ४,३३,३४३ |
| ८ | २०८१/८२ | ५६ | प्रोत्साहन भत्ता | ४२,४५९ |
| ९ | २०८१/८२ | ९३ | पेस्की बाँकी | ६,०८,२९१ |
| १० | २०८१/८२ | ५२ | पारिश्रमिक कर | ३७,२०३ |
| ११ | २०८१/८२ | ७५ | पाठ्यपुस्तक अनुदान | ३,७८८ |
| १२ | २०८१/८२ | ९५.१ र ९५.२ | गोठपानी सेढाईँ टोल ठुलो पँधेरा हुँदै विर्ता लोकमार्ग सडक निर्माण | ८,९४,७०४ |
| १३ | २०८१/८२ | ९० | कर्मचारी कल्याणकोषबाट भुक्तानी | १७,१४५ |
| १४ | २०८१/८२ | ९७ | कर कट्टी | २५,४७५ |
| १५ | २०८१/८२ | ८३ | कम पूर्व निर्धारित क्षतिपूर्ति कट्टी | ४३,२६१ |
| १६ | २०८१/८२ | ७२ | उत्कृष्ट कार्य सम्पादन प्रोत्साहन | २,००,००० |
| १७ | २०८१/८२ | ५५ | अनुपस्थितलाई बैठक भत्ता | ३,४०० |
| १८ | २०८१/८२ | ९४.१ | १५ सैया अस्पताल निर्माण | १,००,००० |
| १९ | २०८०/८१ | २४ | बर बुझारथ नभएको | ९०,२६५ |
| २० | २०७८/७९ | ३१ | भ्रमण अवधिको बैठक भत्ता | २,५५० |
| जम्मा | | | | ५०,००,६१७ |

# चौंरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक

# ( ८०३२६५०२३०० )

# चौरीदेउराली गाउँपालिका , काभ्रेपलाञ्चोक

## परिचय

१

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ९८.२ वर्ग किलोमिटर तथा १४०७६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।११।३ देखि २०८२।११।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय र व्ययतर्फ रु. १ अर्व ४३ करोड ७५ लाख ६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४८२०९.५४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | डि. पी. आर.कार्यको भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम मिति २०८२/११/११/१५ मा असुल गरी दाखिला गरेको बैंक भौचर पेस भएको । | ३९५५ |
| २ | दोहोरो पोत्साहन भत्ता र पोत्साहन भत्ता भुक्तानीमा छुट कर कट्टी रकम दाखिला भएको प्रमाण पेस भएको । | ४४२५४.५४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण -**

२.१ **वित्तीय प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | १२७०३४४३८.४ | चालु खर्च | | ३३५४९४६४३.८१ |
| १. संचित कोष | ११६०५९७००.०५ | | १. पालिका तर्फ | ८८३८१६४३.८१ | |
| २.धरौटी | ६७२१९२८.४७ | | २. संघीय सशर्त | २४१७३९००० | |
| ३.कार्यसञ्चालन कोष | १८५१६४७.२२ | | ३. संघीय विशेष | ० | |
| ४. अन्य कोष | २४०११६२.६६ | | ४. प्रदेश सशर्त | ५३७४००० | |
| यस वर्षको आय | | | ५. प्रदेश विशेष | ० | |
| १.आन्तरिक आय | ११७५३६३१.७ | ११७५३६३१.७ | पुँजीगत खर्च | | २००६०९४०५ |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ४६५०४८४७९.१३ | १. पालिका तर्फ | १०९५४०४०५ | |
| क) समानीकरण अनुदान | ७९००५३६० | | २. संघीय सशर्त | ६५५४९००० | |
| ख) राजस्व बाँडफाँट | ७५९८७२६१.२३ | | ३. संघीय विशेष | ० | |
| ग) सशर्त अनुदान | ३०७२९०६६५.९ | | ४. संघीय समपुरक | २७६५००० | |
| घ) समपुरक अनुदान | २७६५१९२ | | ५. प्रदेश सशर्त | ११७०८००० | |
| ङ) विशेष अनुदान | | | ६. प्रदेश विशेष | ९३९००० | |
| च) रोयल्टी | | | ७. प्रदेश समपुरक | १०१०८००० | |
| छ) अन्य | | | अन्तर सरकारी अख्तियारी संघ | | १४७०१९२९२ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ५४६१९२१८.३३ | क) सामाजिक सुरक्षा | १४४४६९२९२ | |
| क) समानीकरण अनुदान | ७९८४००० | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २५५०००० | |
| ख) राजस्व बाँडफाँट | १८५०३५७७.३३ | | | | |
| ग) सशर्त अनुदान | १७०८२७३९ | | अन्तर सरकारी अख्तियारी (प्रदेश) अन्तर सरकारी अख्तियारी संघ | | |
| घ) समपुरक अनुदान | १०१०८९८५ | | ऋण फिर्ता(साँवा) | | |
| ङ) विशेष अनुदान | ९३९९१७ | | ऋणको ब्याज भुक्तानी | | |
| च) रोयल्टी | | | धरौटी फिर्ता तथा सदर स्याहा | ४१३७१९७.६७ | ४१३७१९७.६७ |
| छ) अन्य | | | कार्यसञ्चालन कोषबाट भएको खर्च | ३००३६३२३.३१ | ३००३६३२३.३१ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १४७०१९२९२ | अन्य कोषबाट भएको खर्च | | |
| क) सामाजिक सुरक्षा | १४४४६९२९२ | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २५५०००० | | अन्य सहयोगमा सञ्चालित योजना | | |
| | | | अन्य खर्च भएमा | | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | | अनुदान फिर्ता | | |
| ६. ऋण/ वित्तीय व्यवस्था | | | १. संघ तर्फ | | |
| ७. धरौटी आय | १११७७५९७ | १११७७५९७ | क) सशर्त अनुदान | | |
| ८. कार्यसञ्चालन कोष आय | ३०५९१८४०.२३ | ३०५९१८४०.२३ | ख) विशेष अनुदान | | |
| ९. अन्य कोषको आय | | | ग) समपुरक अनुदान | | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | २. प्रदेश तर्फ | | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | क) सशर्त अनुदान | | |
| १२. अन्य आय भएमा | | | ख) विशेष अनुदान | | |
| | | | ग) समपुरक अनुदान | | |
| | | | अन्तिम मौज्दात | | १२९९४७६३५.१७ |
| | | | १. संचित कोषको मौज्दात | १११३७६९८०.३५ | |
| | | | २. धरौटी | १३७६२३२७.८ | |
| | | | ३. कार्यसञ्चालनकोष | ४८०८३२६.९७ | |
| | | | ४.अन्य कोष | | |
| जम्मा | | ८४७२४४४९६.९५ | जम्मा | | ८४७२४४४९६.९५ |

साथै पालिकाको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसूचीमा समावेश गरिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले

सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४,४४,६९,२९२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

२.३ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले तयार गरेको विवरण अनुसारको बैङ्क मौज्दात देहायअनुसार रहेको छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| विविध खर्च खाता | १४९०५५४.९० | १४९०५५४.९० | ० |
| स्थानीय तह धरौटी खाता | १३७६२३२७.८० | १३७६२३२७.८० | ० |
| स्थानीय तह सञ्चित कोष खाता | १११३७६९८०.५७ | १११३७६९८०.५७ | ० |
| स्थानीय तह विविध कोष खाता | २४०११६२.६६ | २४०११६२.६६ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन खाता | ९१६६०९.२४ | ९१६६०९.२४ | ० |
| जम्मा | १२९९४७६३५.१७ | १२९९४७६३५.१७ | ० |

२.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६९०१४.९०, यस वर्षको प्राप्ति रु.१८८८५७७४३.९६ र यस वर्षको भुक्तानी रु. १८११९२८१२.९८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| | विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|---|
| | सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १२७१०३४५३.३० | ५३१३५२३१४.४३ | ५३६१०४०४८.८१ | १२९९४७६३५.१७ |
| | एकीकृत आर्थिक विवरणअनुसार | १२७०३४४३८.४ | ७२०२१००५८.३९ | ७१७२९६८६१.७९ | १२९९४७६३५.१७ |
| | फरक | ६९०१४.९० | १८८८५७७४३.९६ | १८११९२८१२.९८ | ० |
| | | | | | |

२.५ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १२७०३४४३८.४ मौज्दात रहेकोमा यो वर्ष रु. १२७१०३४५३.३० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६९०१४.९० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तहले पालना गराएको सम्वन्धी अभिलेख व्यवस्थित राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा पूर्ण रुपमा सवै कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस आर्थिक वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण प्रतिवेदन दोस्रो त्रैमासिक सम्ममात्र गरी चौथो त्रैमासिकसम्म गरेको देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी सोको कार्यान्वयन मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।१० मा रु. ६८ करोड ९४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत

शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **बजेट अवण्डा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३,१२,२१,७०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न ६ योजना तथा कार्यक्रममा रु. ३,०७,११,३००खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

९ **त्रैमासिक पूँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | २००६०९४०५ | १७६७३६७० | ३६१११०१३ | ४६३८४०७८ | १००४४०६४४ | ७३५६८५९४ |
| प्रतिशत | १०० | ९ | १८ | २३ | ५० | ३६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २००६०९४०५ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १७६७३६७० (८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३६१११०१३ (१८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४६३८४०७८ (२३ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १००४४०६४४ (५० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७३५६८५९४ (३६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **लक्ष्य प्रगति** -

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

| **कार्यक्रम/ योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | १७० | ० | ० | ० | १७० |

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३१९५१०४४ | २५२५००८४ | ७९.०३ |
| २ | पूर्वाधार विकास | १३१५१३४६८ | ७६०४५९१७ | ५७.८२ |
| ३ | सामाजिक विकास | ३८८६७४००० | ३४४४३६०७४ | ८८.६२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १८५४१००० | १२४८४३२२ | ६७.३३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १४०१७४१८८ | ७५१२२४५९ | ५३ |
| ६ | **जम्मा** | ७१०८५३७०० | ५३३३३८८५६ | ७५.०२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५४.६७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.६१ प्रतिशत रहेको छ ।

१२ **खर्च विश्लेषण -**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१०१५८७४४ राजस्व बाँडफाँड र अनुदानबाट रु.५२१२६४५७६.९६ समेत रु. ५३१४२३३२०.९६ आम्दानी भएकोमा चालु तर्फ रु. ३३५४९४६४३.८१ र पूँजिगत तर्फ रु. २००६०९४०५ समेत रु. ५३६१०४०४८.८१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६९०६००० खर्च भएको छ जुन आन्तरिक आयको ६७.९८ प्रतिशत रहेको छ ।यसमा पदाधिकारी खर्च आन्तरिक आयको तुलनामा अत्यधिक बढी देखिएको हुँदा आन्तरिक आयसँग मध्यनजर गरी पदाधिकारी सुविधा व्यवस्थापन गर्नुपर्दछ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.५८ प्रतिशत चालु र ३७.४१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **अनुदान फिर्ता -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी फिर्ता गर्नु पर्ने देखिएकोमा सोहि रकम सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| अनुदान | प्राप्त रकम | खर्च रकम | फिर्ता गर्नुपर्ने रकम | फिर्ता भएको रकम |
|---|---|---|---|---|
| संघ शर्सत(चालु) | २६९६७९५०० | २४१७४१५४०.८५ | २७९३७९५९.१५ | २७९३७९५९.१५ |
| संघ शर्सत(पुँजिगत) | ७०६०८००० | ६८३१४३१७ | २२९३६८३ | २२९३६८३ |
| प्रदेश विशेष(पुँजिगत) | ८०००००० | ९३९९१७ | ७०६००८३ | ७०६००८३ |
| संघ समपूरक(पुँजिगत) | ५०००००० | २७६५१९२ | २२३४८०८ | २२३४८०८ |
| प्रदेश शर्सत(चालु) | ७२१९००० | ५३७४४९८ | १८४४५०२ | १८४४५०२ |
| प्रदेश शर्सत(पुँजिगत) | १५०००००० | ११७०८२४१ | ३२९१७५९ | ३२९१७५९ |
| प्रदेश समपुरक(चालु) | १८३००००० | १०१०८९८५ | ८१९१०१५ | ८१९१०१५ |
| जम्मा | ३९३८०६५०० | ३४०९५२६९०.८५ | ५२८५३८०९.१५ | ५२८५३८०९.१५ |

१४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

बागमति प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन,२०७९ को दफा ५ मा स्थानीय तहले आफ्नो सङ्गठन संरचना वा दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नको लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्नुपर्ने र सोही आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि ३३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासकीय अधिकृत, लेखा अधिकृत सातौँ लगायत १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५ **तलवी प्रतिवेदन** -

बागमति प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ (५) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई मात्र कर्मचारीको तलब भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३० जना कर्मचारीको रु. १६८१८८९२ र पालिकाका २३ जना कर्मचारीको रु.१२३७३९५० समेत रु.२९१९२८४२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **सार्वजनिक परीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस आ.व. मा २ पटक भएको देखियो।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी प्राप्त पृष्ठपोषणको पालना गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन ।

स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१८ **योजनाको प्राथामिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो विकास र वातावरण संरक्षण तथा भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ । सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १७० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथि | रु.५ लाखदेखि २० लाखसम्म | रु.५लाखभन्दा कम |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ८२ | २ | १८ | ६२ |
| २. | वडास्तरीय | ८८ | ० | ९ | ७९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना कार्यान्वयन भइ भुक्तानी भएको देखिन्छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी टुक्रे योजना भन्दा गौरवका योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१९ **वार्षिक खरिद योजना/गुरुयोजना -**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १९७८४४२१३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२० **रकमान्तर गरी खर्च -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ ।कार्यपालिकाको निर्णय बमोजिम १०२ कार्यक्रम घटाई १०७ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.४,३८,०७,५१२ रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन।यसमा सुधार हुनुपर्दछ ।

| क्र.स. | स्वीकृत आयोजना/ कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/ कार्यक्रमको नाम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | नर्सरी प्रवर्द्धन कार्यक्रम | ८००००० | कक्षा १-१० परीक्षा व्यवस्थापनको लागि उत्तर पुस्तिका छपाई | ८००००० | |
| २ | वडा कार्यालय भवन निर्माण | ५००००० | गोर्खाली टोल पहिरो नियन्त्रण | ५००००० | |
| ३ | पचुवार दलित समुदायमा प्रार्थना घर निर्माण | ५००००० | पचुवार चर्च भवन निर्माण | ५००००० | |
| ४ | खहरेखोला पहरी टोल सिँचाई पोखरी निर्माण | ४००००० | ल्होसार कार्यक्रम | ४००००० | |
| ५ | पुराना सालिक तथा गेट मर्मत | ४००००० | पुरानो गाउँ जखाडी कात्तिके देउराली सडक डिपिआर | ४००००० | |

यसमा सुधार गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२१ **सफ्टवयर खरिद -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| क्र. स. | सफ्टवेयरको नाम | खरिदमिति | कम्पनी | खरिदमुल्य | खरिदआ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | योजना व्यवस्थापन प्रणाली | २०७९।१२।१२ | सफ्टटेक फाउण्डेशन प्रा लि | ४९७००० | २०८०।८१ | संचालनमा रहेको |
| २ | सिफारिस व्यवस्थापन प्रणाली | २०८०।०३।०४ | बक्सबाईट इन्क | ४९३६८० | २०८०।८१ | संचालनमा रहेको |

२२ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वियन गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी सो को अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

२३ **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ ऐन, ५ नियमावली, ३१ कार्यविधि, मापदण्ड, निर्देशिका लगायत ४९ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ४९ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको भएपनि यसको कार्यान्वियन प्रभावकारी रुपमा रहेको पाइएन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२४ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यस वर्ष दर्ता भएका ७ मध्ये ७ वटा फर्स्यौट भएको देखिन्छ ।

२५ **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका ४५ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२६ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। यस पालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० मा आर्थिक सहायता वितरणको लागि एउटा छुट्टै कोष खडा गरी सोही कोषबाट सहायता उपलब्ध गराउने उल्लेख छ । नमुना परीक्षण गर्दा पालिकाले कार्यविधि अनुसारको कोष खडा नगरी गाउँपालिका चालु तर्फको विपद व्यवस्थापन शिर्षकबाट रु.१०८३२०।०, उद्धार राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट रु.१३००००।०, अति विपन्न र प्राणघातक रोगका विरामीलाई आकस्मिक उपचार सहयोग शिर्षकबाट रु.१२००००।० आर्थिक सहयोग वितरण गरेको देखियो । पालिकाले आन्तरिक आय वृद्धि गरी निश्चित मापदण्ड र कार्यविधिको पालन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ ।

२७ **अनुदानको अनुगमन** -

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार १२ कृषि कार्यक्रममा रु.७६३५४२० लाख र ५ वटा पशु फर्ममा ५३९४६६ लाख गरी रु. ८१७४८८६ लाख अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२८ **सेवा प्रवाहको स्थिति** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ९ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | ० |
| २ | जन्मदर्ता | ८५४ |
| ३ | मृत्युदर्ता | २५४ |
| ४ | बसाईसराई दर्ता | २२६ |
| ५ | विवाह दर्ता | ४१८ |
| ६ | सम्बन्धविच्छेद दर्ता | २५ |

२९ **फोहरमैला व्यवस्थापन** -

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३० **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट** -

स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८१ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

३१ **विविध तथा सभा संञ्चालन खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष सबै वडामा समेत गरी विविधतर्फ (खाजा, खाना लगायत) रु. ५००००० खर्च गरेको र सभा सञ्चालनतर्फ रु. १८११९ गरी रु. ६८१११९ खर्च भएको छ। उक्त खर्च पालिकाको आन्तरिक आय रु.१०१०८९८५ को ६.७३ प्रतिशत हुन आउँछ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३२ **कल्याणकारी कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।बागमति प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन,२०७९ को दफा १३४ मा सम्बन्धित स्थानीय तहले आफ्ना बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषको लागि रु.२००००००।० बजेट विनियोजन गरेकोमा सम्बन्धित कोष खातामा ट्रान्सफर गरेको पाइएन ।

३३ **घरभाडा खर्च** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ गरी रू.९९४५० खर्च गरेको छ। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

३४ **सवारी साधन खरिद** –

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुँदा नं. ५.१५ मा अनुसार नेपाल सरकारबाट उपलब्ध गराएको बजेट तथा साधन स्रोतबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले देहाबयमोजिमका सवारी साधन खरिद गरी रु.६७९१६००।० खर्च लेखेको छ । डोजर खरिद गर्दा बार्ताबाट गरेकोमा सूचना प्रकाशन गरेको देखिएन ।यस सम्बन्धमा आधिकारिक डिलरबाटनै खरिद भएको र प्रकाशित मूल्यमा रु.२ लाख छुट समेत लिएको पालिकाको भनाई रहेको छ । उक्त सवारी साधन खरिदको लागि अर्थ मन्त्रालयबाट स्वीकृत लिएर तथा खरिद विधि अनुसारको प्रकृया पुरा गरेर मात्र खरिद गर्नुपर्दछ ।

| क्र.सं. | भौ.नं. | आपूर्तक | विवरण | परिमाण | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | आरम्भ अटो वर्क्स | मोटरसाइकल | २ थान | ७३६८०० | सोझै खरिद |
| २ | २८-८।२७ | एम ए डब्लु अर्थ मुभर्स | डोजर खरिद | १ थान | ५२९०००० | बार्ताबाट |
| ३ | २५६-३।२१ | श्री दिव्यश्वरी अटो इन्टरप्राइजेज | मोटरसाइकल | २ थान | ७६४८०० | सोझै खरिद |
| | | | जम्मा | | ६७९१६०० | |

३५ **आय अनुमान** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ८५२४००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १०१५८७४४ अर्थात अनुमान भन्दा १९.१८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३६ **आन्तरिक आय** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३९३५१५३३० | ८५२४००० | २.१६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.१६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७ **कर तथा शुल्क असुली** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्रासिको श्रोत | वार्षिक अनुमानितआय | आम्दानी |
|---|---|---|---|
| १ | सम्पती कर | २००० | २६२ |
| २ | भुमिकर/ मालपोत | ७००००० | १११८६३०.४४ |
| ३ | वहाल कर | ३२०००० | ६३५११४ |
| ४ | बहाल बिटौरी कर | ३००० | ३००० |
| ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १०००० | २१६८० |
| ६ | अन्य मनोरञ्जन कर | १००० | ३००० |
| ७ | व्यवसाय भुक्तानी गर्ने | १५००० | ० |
| ८ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ८००० | १६५६०२.९५ |
| ९ | अन्य कर | १५००००० | २४९०८६८.०१ |
| १० | न्यायिक दस्तूर | १००० | १० |
| ११ | परीक्षा शुल्क | २०००० | २५००० |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | ६६६३७६.५५ |
| १३ | सिफारिश दस्तुर | १५००००० | ९३९००० |
| १४ | नक्सापास दस्तुर | २५००० | २४९०३.३० |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८००००० | ६८४००० |
| १६ | नाता प्रमाणित दस्तुर | ३००००० | २३५२०० |
| १७ | अन्य दस्तुर | २१६३००० | २०११०६१.६७ |
| १८ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४५०००० | ४०८८०० |
| १९ | प्रशासनिक दण्ड जरिवाना जफत | १५०००० | २३६९३१.३५ |
| २० | अन्य राजस्व | ३६००० | ३९५९५२.८३ |
| २१ | व्यवसाय कर | १०००० | २२३५० |
| २२ | बेरूजू | १०००० | ७१००१ |
| जम्मा | | ८५२४००० | १०१५८७४४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३८ **तीन वर्षको आन्तरिक आयको अवस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. २०७९/८०को आय अनुमान | असुली रकम | आ.व. २०८०/८१को आय अनुमान | असुली रकम | आ.व. २०८१/८२को आय अनुमान | असुली रकम |
|---|---|---|---|---|---|
| ६०००००० | ८५३८६७४ | ९४९९५०० | ८२३०७४२ | ८५२४००० | १०१५८७४४ |
| असुली प्रतिशत | १४२.३१ | असुली प्रतिशत | ८६.६४ | असुली प्रतिशत | ११९.१८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७९/८० को आय अनुमान ६०००००० मा ८५३८६७४ अर्थात १४२.३१ प्रतिशत असुली भएको, आ.व. २०८०/८१ को आय अनुमान ९४९९५०० मा ८२३०७४२ अर्थात ८६.६४ प्रतिशत असुली भएको, आ.व. २०८१/८२ को आय अनुमान ८५२४००० मा १०१५८७४४ अर्थात ११९.१८ प्रतिशत असुली भएको देखिन्छ । यसमा पहिलो आर्थिक वर्षमा लक्ष्यभन्दा बढी, दोस्रो आर्थिक वर्षमा लक्ष्यभन्दा कम र तेस्रो आर्थिक वर्षमा लक्ष्य भन्दा बढी राजस्व उठेको देखिन्छ। यसमा व्यवसाय करको दायरा फराकिलो देखिएन । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई यथार्थ अनुमान गरी सोही अनुरुप असुलीमा जोड दिनुपर्दछ ।

३९ **व्यवसाय कर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २२३५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४० **डोजर संचालन** –

चौँरीदेउराली गाउँपालिकाको व्याक-हो लोडर संचालन कार्यविधि, २०८१ बुदा नं. ८ मा कुनै व्यक्ति, संस्था वा संघसंस्थाबाट ब्याक-हो लोडर माग भई आएमा पालिकाको क्षेत्रभित्र आफ्नो लगानीमा प्रतिघण्टा ईन्धन बाहेक मुअकर समेत रु.१२०० र ईन्धन सहित मुअकर समेत रु.३००० का दरले अग्रीम बैंक खातामा बुझाउनुपर्ने उल्लेख छ ।सोही व्यवस्था अनुसार आर्थिक वर्ष २०८१।२०८२ मा पालिकाले डोजर भाडामा दिइएकोमा यस वर्ष डोजर संचालनबाट रु. १४९५७५२/- आय भएको देखिन्छ । जस अनुसार डोजर संचालनबाट जम्मा आय रु. १४९५७५२ /- भएको छ । तर डोजर संचालनका लागि चालकको तलब, भत्ता, इधन र मर्मत संभारमा यस वर्ष रु.१५३९८४५/- खर्च भएको देखियो ।साथै, सो खर्च मध्ये सार्वजनिक निर्माण तथा विपदबाट क्षति भएको सडक मर्मत संभारमा रु. १२३९२५६ को कार्य भएको पालिकाको विवरणमा देखिन्छ । यसमा डोजर संचालनको आय र व्ययको विश्लेषण गर्दा व्यय बढी देखिन्छ । त्यसैले पालिकाबाट संचालित योजनामा संभव भएसम्म पालिका कै डोजर प्रयोग गरी आन्तरिक आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्छ ।

४१ **अनुदानको अनुगमन** –

पालिकाले आफूमार्फत वितरण गरेको अनुदान रकमको समय समयमा निरीक्षण तथा त्यसको प्रभावकारीता अनुगमन गर्नुपर्दछ । यस वर्ष पालिकाले प्रदेश सशर्त अनुदान अन्तर्गत लाभग्राहीको ५० प्रतिशत लागत साझेदारीमा कृषि मेशिन तथा उपकरण वापत रु.४९१२६००।० खरिद सम्झौता अनुसार सामाग्री प्राप्त गरी साझेदारी अंश वाहेक रु.२४५९४५०।० विडिएस नेपाललाई भुक्तानी गरेको छ । जस अन्तर्गत मिनिटिलर ९० थान, राइस मिल ६९ थान, थ्रेसर २७ थान, फ्लोर मिल ३ थान, स्प्रेयर ६० थान लगाएतका सामाग्री खरिद गरी हस्तानरण गरेको देखिन्छ । पालिकाले यसरी अनुदानमा कृषि सामाग्री तथा मेशिनमा अनुदान हस्तान्तरण गरेकोमा सो पश्चात सोको प्रयोग, त्यसको प्रभावकारिता लगाएतको अनुगमन गरेको देखिएन । अत सोको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

४२ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रू. ४३६८०० कर्मचारीको बैठक भत्ता रू. ३४५६५० र अन्य भत्ता रु. १७३९०० गरी जम्मा रु. ९५६३५० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

४३ **बैठक भत्ता -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **इन्धन तथा मर्मत खर्च -**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन (JCB-१, १ स्कार्पियो, १ टाटायोद्धा पिक अप भ्यान, ३६ मोटर साइकल र २ स्कुटर समेत मर्मतमा यस वर्ष रु. १९८५०००र इन्धनमा रु २०७५९०९ खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने व्यवस्थित अभिलेख राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

**यसमा तीन वर्षको इन्धन तथा मर्मत खर्चको अवस्था देहायनुसार विश्लेषण**

| आर्थिक वर्ष | इन्धन | | मर्मत | |
|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च |
| २०७९।८० | २२०००००० | ११२९००० | २०००००० | १०३०११२ |
| २०८०।८१ | ३००००००० | १६०१५७२ | २२००००० | १९३९४२१ |
| २०८१।८२ | २७००००० | २०७५९०९ | २०००००० | १९८५००० |

इन्धन र मर्मत खर्चमा पालिकाले मितव्ययिता अपनाउन ध्यान दिनुपर्दछ ।

४५ **गृहिणि महिला सशक्तिकरण कार्यक्रम** -

बागमती प्रदेशद्वारा जारी गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० बमोजिम सामाजिक विकास कार्यालय, धुलिखेल र चौँरीदेउराली गाउँपालिका बीच भएको सम्झौतामा स्वीकृत प्रस्तावना बमोजिम नै कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने व्यवस्था रहेतापनि, पालिकाले तपससलबमोजिम विभिन्न ९ वटा वडाहरूमा सञ्चालन गरेका अचार बनाउने, बाख्रा पालन र मुडा बुन्ने जस्ता तालिमहरूमा सहभागीको संख्या थपघट भएको कारण देखाई प्रस्तावनाको तुलनामा कतै बढी र कतै घटी हुने गरी फरक-फरक रकम खर्च गरेको देखियो । सम्झौताको शर्त र स्वीकृत प्रस्तावनाको पूर्ण पालना हुने गरी मात्र कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

| क्र. सं. | तालिमको विवरण | प्रस्तावना अनुसार रु. | खर्च रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | वडा नं. ०३, माझीफेदामा अचार बनाउने तालिम | १४६२६० | १४८००० | १७४० |
| २ | वडा नं. ०४, छेडा अचार बनाउने तालिम | १५८१७५ | १२७५०० | ३०६७५ |
| ३ | वडा नं. ०४, छेडा बाखा पालन तालिम | ११५३३० | ९४५०० | २०८३० |
| ४ | वडा नं. ०८, वितदिउरालीमा अचार बनाउने तालिम | १३७४१० | ११२७५० | २४६६० |
| ५ | वडा नं. ०८, आलाटिग्रेनीमा अचार बनाउने तालिम | १३८७८५ | ११२७५० | २६०३५ |
| ६ | वडा नं. ०९, गोठपानीमा अचार कुखुरा पालन तालिम | ९६५०५ | ९२५०० | ४००५ |
| ७ | वडा नं. ०९, गोठपानीमा मुडा बनाउने तालिम | १४०२६५ | १३०५०० | ९७६५ |
| ८ | वडा नं. ०५, सुलिबोटमा अचार बनाउने तालिम | १७९५८० | १८८५०० | ८९२० |
| ९ | वडा नं. ०५, सुलिबोटमा मुडा बनाउने तालिम | १४०६१० | १४०५०० | ११० |

४६ **वितरण भरपाई** – (५२-2082-02-23):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई तथा रितपूर्वकका प्रमाण कागजातहरू संलग्न हुनुपर्ने व्यवस्था रहेको छ।यस पालिकाद्वारा सञ्चालित 'अपाङ्गता रोकथाम तथा पुनर्स्थापन कार्यक्रम' अन्तर्गत खरिद गरिएका तपसिल बमोजिमका सहायक सामग्रीहरूमा खर्च लेखिएतापनि सो सामाग्री सम्बन्धित लाभग्राहीलाई वितरण नगरी पालिकामा रहेको देखियो । जुन प्रयोजनका लागि सरकारी रकम खर्च गरी सामग्री खरिद गरिएको हो, सोही प्रयोजनमा प्रयोग भएको सुनिश्चित हुनुपर्दछ ।

| क्र. सं. | सामानको नाम | वितरण गर्न बाँकी सङ्ख्या | जम्मा मूल्य रु. |
|---|---|---|---|
| १ | वैशाखी | १९ | ३८०००० |
| २ | Elbow crutches | ५ | ५००० |
| ३ | Walking stick | १७ | ३८४२० |
| ४ | Wheel chair | १२ | २७१२० |
| ५ | Combaorad chair | १३ | ३२५०० |
| ६ | Cane stick | २२ | २११३१ |
| जम्मा | | | ५०५१७१ |

४७ **भ्रमण खर्च र अभिलेख** -

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी, कर्मचारी तथा अन्यको भ्रमण खर्च स्वरुप रू. २५०८७३२।० खर्च गरेको छ । भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन व्यवस्थित रुपमा राख्नुका साथै, यस्तो खर्चमा नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

४८ **मसलन्द तथा कार्यालय सामग्री** -

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले सबै वडा र १३ वटा स्वास्थ्य संस्थामा समेत गरी विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू.८११५२९४ को कार्यालय मालसमान खरिद गरेको छ।यसरी कार्यालयमा आवश्यक सामाग्रीको लागत अनुमान तयार गरी सबै मसलन्द तथा सामाग्री खरिदलाई ठेक्का मार्फत खरिद गरी खरिद कार्यलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४९ **वन विकास कोष** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९१० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँपालिकाको भवन निर्माणमा जग्गा व्यवस्थापन कार्यक्रम अन्तर्गत गाउँपालिका प्रशासकिय भवन लागि वनको जग्गा उपभोग गरेवापत रुख विरुवा रोप्ने कार्यको लागी डिभिजन वन कार्यालयको रु.१३६४०००।० लागत अनुमान तयार गरेकोमा पालिकाले वन विकास कोषको २.६ विविध खाता रु. १३८८८००।० भुक्तानी गरेको छ । लागत अनुमान भन्दा बढी भुक्तानी गरेको रु.२४८००।० वन विकास कोषबाट फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,८०० |

५० **कार्यविधि विपरित तलबमा खर्च** -

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) मा सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना/कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको अनिवार्य पालना गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। साथै आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरू सञ्चालन सम्बन्धी मार्गदर्शनले तलब, महँगी भत्ता र पोशाक भत्ता शीर्षकको रकम स्थानीय तहका स्वास्थ्य संस्थामा स्वीकृत स्थायी दरबन्दीका कर्मचारी र दरबन्दीमा रहेका करारका कार्यालय सहयोगीलाई मात्र भुक्तानी गर्नुपर्ने शर्त तोकेकोमा माथि उल्लिखित कानुनी व्यवस्था र मार्गदर्शनको प्रतिकूल हुने गरी यस पालिकाले आर्थिक वर्ष २०८१/८२ मा स्वास्थ्य तर्फको सशर्त अनुदानबाट ३५ जना करारका कर्मचारीहरूलाई वर्षभरिमा रु. १,२५,८९,२९२/- भुक्तानी गरेको देखियो।यस सम्बन्धमा पालिकाले स्वास्थ्य तर्फका चौथो तहका दरबन्दीहरू रिक्त रहेको र प्रदेश लोकसेवा आयोगले पाँचौँ तहभन्दा माथिको मात्र विज्ञापन गर्ने गरेको कारण सेवा प्रवाहमा सहजता ल्याउन करारमा कर्मचारी नियुक्ति गरिएको जनाएको छ। पालिकाले पटक-पटक (अन्तिम पटक च.नं. ७६२ मिति २०८०/०८/१८) रिक्त पदपूर्तिका लागि माग आकृति पठाइएको भए तापनि पदपूर्ति नहुँदा यस्तो गर्नुपरेको जनाएको छ। मार्गदर्शनले तोकेको शर्त अनुसार स्थायी कर्मचारीबाहेक अन्य करार कर्मचारीलाई सो शीर्षकबाट तलब भुक्तानी गर्न मिल्दैन। यद्यपि, स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा सेवा प्रवाह निरन्तर राख्नुपर्ने बाध्यतालाई दृष्टिगत गर्दै, आगामी दिनमा मार्गदर्शनको उल्लंघन नहुने गरी र सेवा प्रवाहमा समेत अवरोध नआउने गरी सम्बन्धित निकायहरूसँग समन्वय गरी स्थायी पदपूर्तिको व्यवस्थापन प्रभावकारी रूपमा गर्नुपर्ने देखिन्छ।

५१ **औषधि खरिद** –

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायको फर्मसँग बोलपत्र र बोलपत्रकै दरमा सोझै खरिद विधिबाट रु.२१,२४,७८३/- को औषधि खरिद गरेको देखिन्छ।

| सप्लायर्सको नाम | खरिद विधि | रकम |
|---|---|---|
| देवदत्त मेडिको फर्मा | बोलपत्र | १७३३२११ |
| देवदत्त मेडिको फर्मा | बोलपत्रकै दरमा सोझै खरिद | ३९१५७२ |
| **जम्मा** | | **२१२४७८३** |

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५२ **पारिश्रमिक कर** -

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३७,२०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५३ **रोजगारी सृजना** -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा सुचिकृत २३५ बेरोजगार मध्ये यो वर्ष ७ योजना सञ्चालन गरी ४५ जनालाई औसत ७८.४४ दिनले

३५३० दिन रोजगारी उपलव्ध गराई रु. २४,१४,५२०/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| वडा नं | सूचीकृत बेरोजगार संख्या | रोजगार संख्या | रोजगार प्राप्त गरेको दिन | प्रतिव्यकति रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रतिव्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ४४ | ५ | ४९५ | ९९ | ३३८५८० | ६७७१६ | ११.३६ |
| २ | २५ | ५ | ५०० | १०० | ३४२००० | ६८४०० | २० |
| ३ | १८ | ८ | ७९९ | १०० | ५४६५१६ | ६८३१४ | ४४.४४ |
| ४ | १५ | ७ | ३९४ | ५६ | २६९४९६ | ३८४९९ | ४६.६६ |
| ५ | ४१ | ७ | ६५९ | ९४ | ४५०७५६ | ६४३९३ | १५.२१ |
| ६ | १३ | ६ | २८८ | ४८ | १९६९९२ | ३२८३२ | ४६.१५ |
| ७ | १५ | ७ | ३९५ | ५७ | २७०१८० | ३८५९७ | ४६.६७ |
| ८ | बजेरोजगार व्यक्ति सूचीकृत नभएको । | | | | | | |
| ९ | ६४ | कार्यक्रम संचालन नभएको । | | | | | |
| जम्मा | २३५ | ४५ | ३५३० | ७८.४४ | २४१४५२० | ५३६५६ | १९.१४ |

५४ **पदाधिकारी इन्धन सुविधा -**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०७५ को अनुसूची बमोजिम गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले प्रति महिना ८० लिटरका दरले वार्षिक जम्मा १,९२० लिटर मात्र इन्धन पाउने कानुनी व्यवस्था रहेकोमा, कार्यालयमा रहेका सवारी साधनहरूमध्ये पदाधिकारीले प्रयोग गरेको सवारी साधनबाट वार्षिक कूल २५४८ लिटर इन्धन खपत भई तोकिएको सीमा भन्दा ६२८ लिटर बढी इन्धन खर्च भएको देखिएकाले, पालिकाले अतिथि आवतजावत, प्रदेश राजधानी हेटौँडाको भ्रमण र भौगोलिक विकटतालाई कारण देखाएतापनि सोको छुट्टै प्रयोजन खुल्ने अभिलेख देखियन । पालिकाले पुष्ट्याईं हुने यथेष्ट प्रमाण तथा अभिलेख व्यवस्थापन गरी सोही आधारमा मात्र खर्च गर्नु गर्नुपर्दछ।

५५ **अनुपस्थितलाई बैठक भत्ता –**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **पोत्साहन भत्ता** - (६५९-2082-03-18):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **११,३७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,१९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,१९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,६९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **शिर्षक फरक** –

पालिकाले कुनै पनि खर्च लेख्दा खर्च संकेत बर्गिकरण तथा व्याख्या, २०७४ अनुसार लेख्नुपर्दछ । पालिकाले यस वर्ष पालिकाका ९ वटै वडा कार्यालयको चालु तर्फको रु. 5/५ लाख बजेट विनियोजन गर्दा खर्च संकेत वर्गिकरण तथा व्यख्या अनुसार नगरी एकमुष्ट रुपमा मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा विनियोजन गरेको देखिन्छ । जसको कारण वडाबाट हुने विविध खर्च, अनुगमन मुल्याङ्कक खर्च, भ्रमण खर्च लगाएतका खर्च मसलन्द तथा कार्यालय समाग्री शिर्षकबाट भुक्तानी भएको देखिन्छ । अतः पालिकाले बजेट विनियोजन गर्दा नै तोकीएको प्रक्रिया पुरा गरी विनियोजन गर्ने तथा सोही अनुसार मात्र खर्च गर्ने परिपाटीको विकास गर्नुपर्दछ ।

५८ **स्यानिटरी प्याड** - (४२-2081-08-28):

सार्वजनिक खरिद नियमावली, २०६४ को ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यकालागि इस्माइल मेडिसिन सप्लायर्सबाट रु.९०.४ का दरले ६५१२ स्यानिटरी प्याड रु.५,३६,०००/- मा खरिद गरी भुक्तानी गरेको पाईयो ।स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिएबमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने विद्यालयले नाम नामेसी सहितको अभिलेख राख्नु पर्नेमा सो अनुसार अभिलेख राखेको देखिएन । कार्यविधिको पालना गरी व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

५९ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान** - (१४०-2082-02-07):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **प्रारम्भिक बालविकास सहजकर्ता -**

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१ को दफा ८ अनुसार प्रत्येक कक्षामा २५ जनासम्म बालबालिका राख्नुपर्ने र सोही अनुपातमा सहजकर्ताको व्यवस्था हुनुपर्ने प्रावधान रहेको छ।यस पालिका अन्तर्गत सञ्चालित तपसिलका विद्यालयहरूमा, निर्देशिकाको उक्त प्रावधानविपरीत २५ जनाभन्दा कम बालबालिका भएका कक्षामा समेत एकभन्दा बढी सहजकर्ता नियुक्त गरिएको पाइयो।यसरी आवश्यकता र नियमभन्दा बढी सङ्ख्यामा सहजकर्ता नियुक्त गरी प्रति सहजकर्ता मासिक रु. १४,०००।– का दरले भुक्तानी दिइएको छ। निर्देशिकाको व्यवस्थाविपरीत गरिएको नियुक्ति र भुक्तानी कार्य उचित देखिँदैन। अतः पालिकाले प्रचलित "प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१" को पूर्ण पालना गर्दै, वास्तविक आवश्यकताको आधारमा मात्र सहजकर्ताको व्यवस्थापन गरी भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ।

| क्र.स | विद्यालयको नाम | बिद्यार्थी सङ्ख्या | सहजकर्ता सङ्ख्या | राखुपर्ने | बढी | भुक्तानी रु. | भुक्तानी हुनुपर्ने रु. | बढी रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | ज्वालादेवि आ. वि | १० | २ | १ | १ | ३६४००० | १८२००० | १८२००० |
| २ | महाबिष्णु आ. वि | १३ | २ | १ | १ | ३६४००० | १८२००० | १८२००० |
| ३ | महादेव प्रा. वि | ६ | २ | १ | १ | ३६४००० | १८२००० | १८२००० |
| ४ | सिर्जनशिल जनता मा. वि | १५ | ३ | १ | २ | ५४६००० | १८२००० | ३६४००० |
| ५ | बालचन्द्र प्रा. वि | १४ | २ | १ | १ | ३६४००० | १८२००० | १८२००० |
| ६ | बुद्ध हिमालय मा. वि १९ | १९ | २ | १ | १ | ३६४००० | १८२००० | १८२००० |
| ७ | जागृति मा. वि | १५ | २ | १ | १ | ३६४००० | १८२००० | १८२००० |
| ८ | प्रभा मा. वि | ३४ | ३ | २ | १ | ५४६४००० | १८२००० | ३६४००० |
| ९ | सरस्वति मा. वि | २५ | २ | १ | १ | ३६४००० | १८२००० | १८२००० |
| १० | तारलामो आ. वि | ४ | २ | १ | १ | ३६४००० | १८२००० | १८२००० |
| जम्मा | | | | | | | | २१,८४,०००/- |

६१ **प्राविधिक धारको विद्यालय** - (१४०-2082-02-07):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४३३,३४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६२ **राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन** -

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी व्यहोरा निम्नानुसार रहेका छन् :-

• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।

• प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ: पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

६३ **विद्यार्थी सङ्ख्याको सत्यापन** -

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ ले तय गरेका कार्यक्रमहरु जस्तै: विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, पाठ्यपुस्तक वितरण लगायतका अनुदान वितरण गर्दा विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी सङ्ख्या एकिन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सत्यापन गरेको देखिएन।अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS मा लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी सङ्ख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य रुपमा सत्यापन गराई सोको व्यवस्थित अभिलेख राखेर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

६४ **शिक्षक विद्यार्थी अनुपात** -

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारीसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ३२ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | लिदेवि प्रा. वि | २ | २ | ९ | १:४ |
| २ | ज्वालादेवि आ. वि | १० | १० | ४० | १:४ |
| ३ | वालकल्याण प्रा. वि, | ६ | ६ | ३१ | १:५ |
| ४ | बालचन्द्र प्रा. वि, | ७ | ७ | ४९ | १:७ |
| ५ | वुद्ध हिमालय मा. वि | १९ | १९ | २०९ | १:११ |

पालिका अन्तर्गत सञ्चालित ३२ वटा सामुदायिक विद्यालयहरूको शिक्षक-विद्यार्थी अनुपातको प्राप्त विवरण अनुसार, केही विद्यालयहरूमा यो अनुपात १:४ सम्म रहेको छ भने केहिमा १:११ सम्म पुगेको छ। यस्तो अवस्थामा पालिकाको शैक्षिक स्रोत वितरणमा असन्तुलन हुने सम्भावना रहन्छ । पालिकाले विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलानको ठोस कार्ययोजना बनाई पठनपाठनलाई व्यवस्थित र प्रभावकारी बनाउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्दछ ।

६५ **शैक्षिक गुणस्तर** -

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धीत कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

६६ **राष्ट्रपति रनिङशिल्ड कार्यक्रम** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले आ.व २०८१/८२ मा सञ्चालन गरेको राष्ट्रपति रनिङ शिल्ड कार्यक्रममा खाना, खाजा, गाडी भाडा, भत्ता,कामदार ज्याला भुक्तानी लगायतमा खर्च भएको बील भरपाई संलग्न राखि रु. ८,५०,०००/- खर्च गरेको छ पालिकाले आ.व. २०८१/८२ को राष्ट्रपति रनिङशिल्ड कार्यक्रममा ९ जना रेफ्रीलाई दैनिक रु. ५,००० का दरले भुक्तानी गरिएको रु. १,२५,००० को स्पष्ट आधार नदेखिएको र ११२ दिनको ज्याला वापत भुक्तानी गरिएको रु. ९५,८७२ को कार्यविवरण समेत नखुलेकाले, आगामी दिनमा तोकिएको दररेट र कार्य सम्पन्न भएको पुष्ट्याईं हुने प्रमाणका आधारमा मात्र भुक्तानी गर्नुपर्दछ ।

६७ **शिक्षक दरवन्दी र पदपुर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको सङ्ख्या निम्नाअनुसार रहेको छ।

| सि.नं | विद्यालयको सङ्ख्या | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी सङ्ख्या | प्रति शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | ३२ | ३७५ | ३७५ | २४२४ | १:१५ |

शिक्षक बिद्यार्थी अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।

६८ **शिक्षकको तलब भत्ता निकासा -**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

• माग फारामको अव्यवस्थित अभिलेख: विद्यालयहरूले पेश गर्ने माग फारामहरू व्यवस्थित तरिकाले चेकजाँच गरी राख्ने गरेको पाइएन। यसले गर्दा माग गरिएको रकमको यथार्थता पुष्टि गर्न सकिएन ।

• अस्पष्ट तलबी पेरोल: पालिकाले शिक्षकहरूको तलबी पेरोल यकिन हुने गरी व्यवस्थित तरिकाले राखेको पाइएन। यसले शिक्षकहरूको वास्तविक सङ्ख्या, पद, र प्राप्त गर्नुपर्ने तलब-भत्ताको स्पष्ट तथ्याङ्क अभाव भएको देखिन्छ।

• निकासा खाताको अभाव: शिक्षकको तलब भत्ता सम्बन्धी छुट्टै विद्यालयगत निकासा खाता नराखिएको कारण विद्यालयहरूलाई भएको निकासाको यकिन विवरण उपलब्ध नभएकोले निकासाको ट्र्याकिङ र अनुगमनमा जटिलता उत्पन्न भएको देखिन्छ ।

तसर्थ : उल्लेखित व्यहोरामा सुधार गरी घटी/वढी निकासा हुन नदिने व्यबस्था गरी त्यसको ब्यबस्थित अभिलेख राख्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६९ **प्राविधिक विद्यालयमा ल्याव सामग्री अनुदान** - (१४०-2082-02-07):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७० **दिवा खाजा -**

आर्थिक वर्ष २०८१।८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकेको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।यस वर्ष पालिकाले शसर्त अनुदानबाट ३३ विद्यालयलाई दिवा खाजा बापत रु.२८,७८,१७१/- विद्यालयको खातामा निकासा गर्ने गरेको पाइयो। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै निकायबाट अनुगमन हुने गरेको देखिएन । सो अनुसार नगर्दा उपलव्ध गराएको लगानीको सही सदुपयोग भएको छ छैन यकिन हुन सकेन ।उपलव्ध गराएको रकमको खर्च सम्बन्धमा अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नु पर्दछ ।

७१ **विद्यालयको लेखापरीक्षण अनुदान -**

आर्थिक वर्ष २०८१।८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को कृयाकलाप नं.२.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयको लेखापरीण कार्यको लागि विद्यालयको तह अनुसार रु.१० हजार र १५ हजार उपलब्ध गराउने व्यवस्था छ । पालिकाले आफ्ना मातहतका ३३ वटा विद्यालयहरूलाई लेखापरीक्षण समयमै सम्पन्न गराउने र विद्यालय सुधार योजना तयार गर्ने उद्वेश्यले जम्मा रु. ८,४५,०००/- निकासा गरेको देखिन्छ।लेखापरीक्षण प्रतिवेदन नबुझाएका तपसिलबमोजिमका विद्यालयहरूको लेखापरीक्षण प्रतिवेदन पेश गर्ने अन्यथा सो वापत निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | लेखापरीक्षण वापत अनुदान रु. |
|---|---|
| जागृति मा वि | १५००० |
| सुनकोशी आ वि | १०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००० |

७२ **उत्कृष्ट कार्य सम्पादन प्रोत्साहन** – (२१९-2082-03-22):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७३ **नमुना विद्यालय अनुदान** - (२२८-2082-03-23):

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१३ मा नमूना विद्यालयका रूपमा छनोट भई विज्ञान विषय सञ्चालन गरिरहेका विद्यालयहरूलाई विद्यार्थी सङ्ख्याका आधारमा रु. ३० लाखदेखि ६० लाखसम्म र विज्ञान बाहेकका विषय सञ्चालित विद्यालयहरूलाई रु. १० लाखदेखि २० लाखसम्म अनुदान उपलब्ध गराई सो रकम छात्रवृत्ति, शिक्षक व्यवस्थापन, प्रयोगशाला सुदृढीकरण, गुणस्तर अभिवृद्धि र गुरुयोजना कार्यान्वयन जस्ता तोकिएका क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले श्री प्रभा मा.वि. लाई रु. ३०,००,०००/- अनुदान उपलब्ध गराएकोमा विद्यालयले प्र अ भत्ता र पारिश्रमिक बस सञ्चालन र व्यवस्थापन धारा तथा विजुली महशुल भुक्तानी अतिरिक्त कक्षा सञ्चालन स्टेशनरी खर्च अवलोकन खर्च राष्ट्रपति रनिङशिल्ड लगायतमा खर्च गरेको बिल भरपाई पेस गरेको छ । यस्तो खर्च अन्य शिर्षकबाट भएको देखिन्छ ।पालिकाले दोहोरो नहुने गरी निकासा गरिएको रकम कार्यविधिले तोके बमोजिमका छात्रवृत्ति, प्रयोगशाला तथा शैक्षिक गुणस्तर अभिवृद्धि लगायतका निर्धारित शीर्षकहरूमा खर्च भएको खुल्ने अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

७४ **आईसिटी ल्याब व्यवस्थापन** -

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । यस पालिकाबाट सञ्चालित आईसिटी र पुस्तकालय कार्यक्रम अन्तर्गत सुर्योदय मा.वि. लाई रु. ६,२७,९३९/-, अरनिको मा.वि. लाई रु. ६,४७,६३०/- र भुमेस्थान मा.वि. लाई रु. ६,५०,०००/- अनुदान निकासा गरी उपकरणहरू खरिद गरिएको र सामान प्राप्त भएको व्यहोरा खुल्ने अनुगमन प्रतिवेदन तयार गरेको देखिए तापनि ती उपकरणहरू केन्द्रले तोकेको प्राविधिक मापदण्ड र स्पेसिफिकेशन अनुरूप भए/ नभएको यकिन हुने गरी प्राविधिक निरीक्षण प्रतिवेदन तयार नगरिएकाले, खरिद गरिएका सामग्रीहरूको गुणस्तर र तोकिएको मापदण्ड बमोजिम रहेको सुनिश्चितता गरी सो को अभिलेख व्यवस्थित राख्नुपर्दछ ।

७५ **पाठ्यपुस्तक अनुदान** –

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३,७८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६ **परामर्श तथा डीपीआर खर्च**-

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| ठेक्का अभिलेख खाता नं. | कामको विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको योजनाको लागत परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Revised detail cost estimate and revision of architectural drawing of Chaunrideurali Rural Municipality Administrative Building | ग्याल्वो ईञ्जिनियरिङ कन्सल्टेन्सी | २००००० | १९९१०६ | १९४२६०३०० | कार्यान्वयन भइरहेको |
| २ | Gothpani Health Post DPR | हिमाल ईञ्जिनियरिङ डिजाइन एण्ड विल्डर प्रा लि | ५००००० | ४९१५५० | २२१५६९०७.१४ | बजेट माग गरिएको |
| ३ | BhaluKhola Bridge DPR | रेडियण्ट ईञ्जिनियरिङ एण्ड कन्स्ट्रक्सन सर्भिसेस प्रा लि | १५००००० | १४८३१२५ | ३६२९२०८१.९७ | बजेट माग गरिएको |
| ४ | Purano Gaun Jakhadi Kattike Deurali Road DPR | लिजन ईञ्जिनियरिङ सर्भिसेस प्रा लि | ४००००० | ३८४९९१ | १६७३५८८५५ | बजेट माग गरिएको |
| | जम्मा | | २६००००० | २५५८७७२ | ४२००६८१४४ | |

७७ **सोझै खरिद–**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्मबाट कुल रु.५३७४३४४।० सोझै खरिद गरेको देखियो।सोझै खरिद हुँदा खरिदमा प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित नहुने गरी प्रतिस्पर्धात्मक अवस्था सिर्जना गर्नुपर्दछ।

| क्र.सं. | भौचर नं. | आपूर्तक | वापत | रकम |
|---|---|---|---|---|
| १ | २४-८।२० | जयमाता प्रोपर्टि हाउजीङ्ग प्रा.ली. | धुसेनी सिवालय अस्पतालको पुरानो भवन मर्मत | ९३८८९८ |
| २ | २२-९।२८ | ताराओम निर्माण एण्ड सप्लायर्स प्रा.ली. | विद्युत, सोलार, इन्टरनेट र सिसिटिभी जडान | ५६११०२ |
| ३ | ६२-१०। २२ | एस पी इन्टरप्राइजेज | मेशिनरी तथा औजार | ३१९७९० |
| ४ | १२८-१। १० | चुनिदेवी निर्माण सेवा | सहिद गेट बाझे जाने बाटो निर्माण | ६५१९४८ |
| ५ | २०७-३। १३ | ए एण्ड एस कन्ष्ट्रक्सन | गाउँपालिका सभाहल निर्माण | ९८२८७१ |
| ६ | ३०१-३। २४ | डिम्बापुर मल्टि प्रपोज प्राली | ल्यापटप, कम्युटर खरिद | ९७२१५० |
| ७ | ३१४-३। २५ | प्रधान ब्रदर्श कन्ष्ट्रक्सन एण्ड सप्लायस प्रा.ली. | वडा कार्यालय भवन मर्मत | ९४७५८५ |
| | | जम्मा | | ५३७४३४४ |

७८ **विपद व्यवस्थापन** –

**बढी दरमा भुक्तानी**- सडक विभागबाट जारी गरिएको Norms for rate analysis 2075 संशोधन समेतको बुँदा नं. २९.१९A मा Clearance of land slides in soil and ordinary rock by machine and disposal of the same on the valley side कार्यको लागि प्रति ५०० घ.मी. कार्यको लागि १ जना दक्ष र ३ जना अदक्ष कामदार लाग्ने र ६ घण्टा डोजर/एक्जाभेटर लाग्ने उल्लेख छ । जसअनुसार काभ्रे जिल्लाको जिल्ला दररेट अनुसार कामदारको ज्याला र पालिकाले निर्धारण गरेको एक्जाभेटर र ब्याकहो लोडरको भाडा क्रमशः रु.५०००। ० र रु.३०००।० प्रतिघण्टा राखी दर विश्लेषण गर्दा पहिरो सफा गर्ने कार्यको लागि एक्जाभेटरबाट कार्य गराउँदा ओभरहेड समेत प्रति घ.मी. रु.७७.५९ र ब्याकहो लोडरबाट कार्य गराउँदा रु.४९.९८ हुन जाने देखिन्छ । पालिकाले यस वर्ष असोज महिनाको बाढीबाट क्षति भएको सडकको पहिरो सफा गर्ने कार्यमा एक्जाभेरटर र व्याकहो लोडरबाट कार्य गराई क्रमशः रु.८२.९२ रु.५३.४२ दरले भुक्तानी दिएको देखियो । अत देहायबमोजिम बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| भौ.नं. | निर्माण व्यवसायी | प्रयोग | काम परिमाण | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ४१-१०।२ | पिएसके निर्माण सेवा प्रा.ली. | एक्जाभेटर | ७९५० | ५.३३ | ४२३७४ |
| २-१०।२ | कोशिपारी कन्ष्ट्रक्सन एण्ड सप्लायर्स | व्याकहो लोडर | ४१५ | ३.४४ | १४२८ |
| | | एक्जाभेटर | ४६५० | ५.३३ | २४७८५ |
| | पिएसके निर्माण सेवा प्रा.ली. | एक्जाभेटर | ३७०५ | ५.३३ | १९७४८ |
| | प्रधान ब्रदर्श कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | एक्जाभेटर | १३२५ | ५.३३ | ७०६२ |
| २-१०।२ | पिएसके निर्माण सेवा | व्याकहो लोडर | ४३०४ | ३.४४ | १४८०६ |
| | | एक्जाभेटर | ७७४२ | ५.३३ | ४१२६५ |
| ९-१०।३ | प्रधान ब्रदर्श कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | व्याकहो लोडर | १४८१६ | ३.४४ | ५०९६७ |
| १३-१०।८ | कोशीपारी कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | व्याकहो लोडर | ३२४४ | ३.४४ | ११११५९ |
| | | एक्जाभेटर | ३००६ | ५.३३ | १६०२२ |
| ८९-११।२८ | ताराओम निर्माण एण्ड सप्लायर्स प्रा.ली. | व्याकहो लोडर | २१०३ | ३.४४ | ७२३४ |
| ७७-१०।२४ | प्रधान ब्रदर्श कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | एक्जाभेटर | ८०४७ | ५.३३ | ४२८९१ |
| १४-१०।९ | कोशिपारी कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | व्याकहो लोडर | १३८०८ | ३.४४ | ४७५०० |
| १०३-३।११ | पिविएसटि कन्ष्ट्रक्सन प्रा.ली. | एक्जाभेटर | १००९१ | ५.३३ | ५३७८५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६०,७५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२७,४४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ३,७३,७९० |
|---|---|

७९ **अस्थाई आवास अनुदान**

